## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेस नगर्ने उम्मेदवारहरूका नाउँमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेस गर्ने सम्बन्धी

# अत्यन्त जरुरी सूचना

**प्रकाशन मिति : २०७९।५।२३**

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिनभित्र निर्वाचनमा भएको खर्चको बिल भरपाई सहित आयोगले तोकेको कार्यालयमा पेस गर्नुपर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनुपर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनुपर्ने कानूनी व्यवस्था गरेको छ ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूलाई तोकिएको समयावधिभित्र के-कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो ? तोकिएको समयावधिभित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईंहरूलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो ? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाइ सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भइसकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरूको नाम नामेसी सहितको विवरण आयोगको वेबसाइट www.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेबसाइटमा र सो कार्यालयको सूचना पाटीमा समेत टाँस गरिएको हुँदा सूचना पाटी र वेबसाइटहरूमा हेर्नसकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# स्थानीय तह सदस्य निर्वाचन, २०७९ अन्तर्गत फिक्कल गाउँपालिकाको कार्यपालिका सदस्य पदमा उम्मेदवार बनेका उम्मेदवारहरुले निर्वाचन खर्च पेश गरे/नगरेको विवरण

| क्र.सं. | प्रदेश | जिल्ला | स्थानीय तह | पद | उम्मेदवारको नाम | मतदाता प.प.नं | लिङ्ग | उमेर | राजनीतिक दल/स्वतन्त्र | निर्वाचित/ पराजित | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | महिला सदस्य | **टिका माया विश्वकर्मा** | ०६६५०८७८ | महिला | ३७ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| २ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | महिला सदस्य | **सावित्रा कुमारी थापा मगर** | ०६६४६३३२ | महिला | ३३ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| ३ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | महिला सदस्य | **पुर्ण माया थापामगर** | १४७००००५ | महिला | ३१ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| ४ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | महिला सदस्य | **मंगला देवी तामाङ** | ६६४७१२२ | महिला | ३६ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्विरोध | पेश नगरेको |
| ५ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | **तारा विश्वकर्मा** | २०६१४५०२ | पुरुष | ३७ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | **समयमा पेश** |
| ६ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | **लिल बहादुर सुनुवार** | १७६९७३९८ | पुरुष | ३७ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | निर्वाचित | **समयमा पेश** |
| ७ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | **पार्वता नेपाली** | १९४०१०४० | महिला | ३३ | नेपाली काँग्रेस | पराजित | पेश नगरेको |
| ८ | बागमती प्रदेश | सिन्धुली | फिक्कल गाउँपालिका | दलित वा अल्पसङ्ख्यक सदस्य | **नर बहादुर माझी** | १६३७९२३४ | पुरुष | ४२ | नेपाली काँग्रेस | पराजित | पेश नगरेको |